मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

मुख्यमन्त्रीलाई सडक विस्तार प्रभावितले भने: दीर्घकालीन समाधानको लागि पहल गर्नुस्

# निर्दलीय सरकारले घर भत्कायो, बाइपास बन्नुपर्छः मुख्यमन्त्री बानियाँ

मनिल महतो

हेटौंडा, ८ फागुन/ मकवानपुरका विभिन्न सडक विस्तारबाट प्रभावित घरधनी तथा व्यवसायीले शुक्रबार प्रदेश सरकारसँग आफ्ना समस्या र माग राख्दै छलफल गरेका छन् ।

सडक विस्तार समस्या समाधान समितिको आयोजनामा भएको कार्यक्रममा कान्तिलोकपथ र पूर्वपश्चिम राजमार्गअन्तर्गत २५ गज सडक विस्तारबाट प्रभावित घरधनी तथा व्यवसायी र बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँबीच अन्तरक्रिया भएको हो । सहभागी प्रभावितले उचित मुआब्जा, कानुनी समाधान र न्यायोचित क्षतिपूर्ति प्रदान गर्न माग गरेका थिए । कान्तिलोकपथ प्रभावित गहन खतिवडाले राज्यले जनतालाई उठिबास गराउने गरी विकास गर्न नहुने धारणा राखे ।

जनताको सम्पत्तिमाथि डोजर चलाउनु सुखद नरहेको उनको बुझाई छ । तत्काल डोजर नचले पनि कान्तिलोकपथ सडक प्रभावितलाई पनि राज्यले अघोतिषत रुपमा सुकुम्बासी बनाउन लागेको खतिवडाले आरोप लगाए । समितिका संयोजक राजकुमार न्यौपानेले लामो समयदेखि पीडितको समस्या सुनुवाइ नभएको गुनासो गर्दै, केन्द्रीय सरकारसँग समन्वय गरेर सडक विस्तार प्रभावितको समस्या समाधान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराए । उनले मुख्यमन्त्री बानियाँसमक्ष दीर्घकालीन समाधानको लागि पहल गर्न आग्रह गरे । अन्तरक्रियामा मुख्यमन्त्री बानियाँले हेटौंडामा २५ गज सडक विस्तारका सन्दर्भमा आफूले पहिलेदेखि नै १६ मिटर कायम गर्नुपर्ने पक्षमा आवाज उठाउँदै आएको दाबी गरेका छन् ।




विगतमा डोरमणि पौडेल नेतृत्वको सरकारमा प्रतिपक्षी दलमा रहँदा नै आफूहरु १६ मिटर सडक बिस्तारको पक्षमा रहेको उनले उल्लेख गरेका छन् । कार्यक्रममा मुख्यमन्त्री बानियाँले हेटौंडा बजार भित्र सडक विस्तार गर्नुभन्दा बाइपास सडक निर्माणमा जोड दिए । बाइपास सडक बनाउँदा स्थानीयको समस्या सुन्न तयार रहेको बताउँदै मुख्यमन्त्री बानियाँले बाइपास सडक प्राविधिकरुपले बनाउन तागत राख्ने व्यक्ति आफू भएको दाबी गरे । भविष्यमा यो सडक निर्माण गरेरै देखाउने प्रतिबद्धता उनले व्यक्त गरे । मुख्यमन्त्री बानियाँले दलीय सरकार हुँदा जनताको सम्पति जोगाएको बताउँदै निर्वाचनमुखी सरकारले अधिकार नहुँदा पनि सडक विस्तार गरेको आरोप लगाएका छन् ।

उनले जनताको समस्याको समाधान राज्यले दिनुपर्ने बताए । राज्य कठोर हुन सक्छ तर, निर्दयी हुन पाइँदैन भन्दै उचित व्यवस्थाबिना संरचना भत्काइएको प्रति मुख्यमन्त्री बानियाँले आपत्ति जनाए । अप्राकृतिकरुपमा बनेको सरकारले नागरिकलाई घरबारविहीन हुने अवस्थामा पुऱ्याएको भन्दै उनले आक्रोश व्यक्त गरेका छन् । राज्यले वैकल्पिक व्यवस्थापन गरेर मात्रै सडक बिस्तार गर्नुपनमा जनता उठिबास लगाउने कार्य गरेको उनको आरोप थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष प्रमोदसिंह रानाभाट, र नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको सहभागिता थियो ।

सडक डिभिजन कार्यालयले गत मङ्सिर २० गते हेटौंडाको महेन्द्र राजमार्गअन्तर्गत रातोमाटेदेखि राप्ती पुलसम्म र त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि चौकीटोल ओरालो सम्मका घर तथा संरचना भत्काएको थियो । करिब ७ किलोमिटर क्षेत्रभित्र ५०० भन्दा बढी घर तथा संरचना जेसीबी प्रयोग गरेर भत्काइएपछि डिभिजन सडक तथा प्रशासनले सर्वोच्च अदालतबाट 'स्टे अर्डर' जारी भएपछि मङ्सिर २१ गतेदेखि काम रोकेको छ । सर्वोच्च अदालतले मङ्सिर १६ मा दायर भएको रिटमाथि मङ्सिर १९ मा अल्पकालीन आदेश गर्दै स्टेअर्डर दिएको थियो । हेटौंडा बजार क्षेत्रको सडक बिस्तारसम्बन्धी मुद्दा पूर्ण इजलासमा सुनुवाईका लागि फागुन १० गते पेसी तोकिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्धय सपना मल्ल र अब्दुलअजिज मुसलमानको संयुक्त इजलासले सुनुवाईका लागि पूर्ण इजलासमा पेश गर्ने आदेश भएको हो । सर्वोच्चले फागुन १० गते पेसी तोकेको छ । यसअघि मागेको मिसिल फाइल नआएकाले सडक विस्तारसँग सम्बन्धित निर्णयका मिसिल फाइल झिकाउन आदेश जारी गरी माघ १८ गते पेसी तोकेको थियो । माघ १८ मै न्यान्याधीश मल्ल र मुसमालनको संयुक्त इजलासले सुनवाईका लागि पूर्ण इजलासमा पेश गर्ने आदेश गरेको थियो । मुद्दाको तारेख आइतबारमात्र दिएको हो ।

सडक विस्तारका क्रममा आफ्नो घरजग्गा र सम्पत्ति सुरक्षाको माग गर्दै विन्दवासिनी कंसाकार सहितका स्थानीयले सर्वोच्चमा रिट दायर गरेका थिए । डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगर पालिका र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायतलाई विपक्षी बनाएर दर्ता गरिएको मुद्दामा गत मंसिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले विपक्षीका नाममा 'कारण देखाऊ आदेश' जारी गरेको थियो । सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीले सर्वोच्चको आदेश नआएसम्म कार्यालय 'हात बाँधेर बस्न' बाध्य भएको बताए ।

सडक डिभिजन हेटौंडाले एसियन हाइवे निर्माणका लागि हेटौंडाको मुख्य बजारक्षेत्रमा निर्मित घरटहरा र संरचना हटाएर सडक विस्तारकार्य मंसिर २० गतेदेखि सुरु गरेर अहिले अदालतको आदेश कुरेर सडक विभाग बसिरहेको छ । नेपालको पूर्वपश्चिम सडक एसियाका ३ दर्जन बढी देशसँग सीधा सडक संजालमा जोडिने गरी एसियाली विकास बैंकले बिस्तार गर्न लागेको बताइएको छ ।

# मकवानपुरका दुवै निर्वाचन क्षेत्रमा सुरक्षा परिचालन



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुरका दुवै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा आगामी फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै चारवटै सुरक्षा निकायको संयुक्त टोली परिचालन गरिएको छ ।

जिल्लाका दुवै निर्वाचन क्षेत्रका मतदानस्थल वरपर तथा दश वटै स्थानीय तहमा सुरक्षा निकायको उपस्थिति सुनिश्चित गरिएको हो । निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र निर्वाचन प्रहरी टोली जिल्लाका सबै निकायमा खटिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए । यससँगै मतदान केन्द्र आसपास सुरक्षा निगरानी बढाइएको छ भने सबै पालिकामा सुरक्षाकर्मी पुगिसकेको उनले बताए ।


प्रत्येक मतदान केन्द्रमा निर्वाचन कर्मचारीलाई आवश्यक तालिम प्रदान गरेपछि मतपेटिका सहित सुरक्षाकर्मी परिचालन गरिने तयारी गरिएको प्रजिअ अधिकारीले बताए ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन प्रहरीलाई जिम्मेवारी क्षेत्रमा खटाइएको छ । चारै निकाय संयुक्तरुपमा परिचालन भएका छन् । मतदान केन्द्रको सुरक्षा अवस्था, पूर्वतयारी, गस्ती, पेट्रोलिङ तथा पिकेट जाँच कार्य सुरु भइसकेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले बताए । निर्वाचनको सुरक्षाको विषयमा अहिले पनि सुरक्षा निकायको सबै टोली कैलाश गाउँपालिकामा पुगेको एसपी खत्रीले बताए । त्यहाँका प्रत्यक मतदानस्थल संबेदनशील भएकाले पनि निर्वाचन अधिकृत सहितको टोलीले अनुगमन गरिएको उनले बताए ।

निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारको सुरक्षा, राजनीतिक गतिविधि तथा मतदान केन्द्रको पूर्वाधार सुरक्षामा विशेष ध्यान दिइएको छ । आवश्यक सवारीसाधन, हतियार तथा बन्दोबस्ती सहित सुरक्षा तयारी पूरा गरिएको जनाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । यसैबीच वडा तहसम्म समन्वय गर्ने एकीकृत संयन्त्र गठन गरिएको छ । राजनीतिक दल, नागरिक समाज, सञ्चारक्षेत्र, निजीक्षेत्र तथा स्थानीय अगुवालाई समेट्दै देशभरका वडा तहसम्म सहकार्य संरचना बनाइएको छ । जिल्ला सुरक्षा समितिले यो संयन्त्रसँग समन्वय गर्दै निर्वाचनप्रति जिम्मेवारी र अपनत्व बढाउने काम गर्नेछ ।

जिल्ला सुरक्षा समिति मार्फत् शान्तिसुरक्षा कायम गर्ने, जनशक्ति परिचालन गर्ने, निर्वाचन सम्बन्धी कानुन कार्यान्वयन गर्ने तथा आचारसंहिताको पालना गराउने कार्यलाई प्राथमिकतामा राखिएको छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अमेरिकी अदालतमा इन्स्टाग्रामविरुद्ध ऐतिहासक मुद्दा, के छ अभियोग ?



अमेरिकामा सामाजिक सञ्जालले पारिरहेको नकारात्मक प्रभावबारे बहस चर्किँदै गर्दा सोसल मिडिया प्लेटफर्म इन्स्टाग्रामका प्रमुख एडक मोसेरी गतहप्ता लस एन्जलस्थित अदालतमा उपस्थित भए।

इन्स्टाग्रामले बालबालिका तथा किशोरावस्थाका प्रयोगकर्ताको मानसिक स्वास्थ्यमा नकारात्मक असर पुर्‍याएको भन्ने आरोपसँग जोडिएको उक्त मुद्दा अब करिब ६ हप्तासम्म चल्नेछ । यो मुद्दाको फैसला केवल इन्स्टाग्रामका लागि होइन सम्पूर्ण सामाजिक सञ्जाल उद्योगको भविष्य र जवाफदेहिताका लागि निर्णायक मानिएको छ।

**इन्स्टाग्राम प्रमुखको दाबी : १६ घण्टासम्म प्रयोग गर्नु लत होइन**

अदालतमा भएको सुनुवाइका क्रममा कुनै प्रयोगकर्ताले एक दिनमा १६ घण्टासम्म इन्स्टाग्राम चलाउनु लत हो कि होइन भन्ने सवाल उठ्यो । त्यसको जवाफमा इन्स्टाग्राम प्रमुख मोसेरीले देखादेखि झुट बोले । उनले १६ घण्टासम्म इन्स्टाग्राम चलाउनु लत नभएको जिकिर गरे ।

मोसेरीका अनुसार त्यो लत होइन कि इन्स्टाग्रामको समस्याग्रस्त प्रयोग हो । धेरै समयसम्म इन्स्टाग्राम प्रयोग गर्ने बानीलाई उनले राति अबेसम्म टेलिभिजन हेर्ने बानीसँग तुलना गर्दै भने, 'लामो समयसम्म प्रयोग गर्ने सबै कुरा हानिकारक नै हुन्छ भन्ने हुँदैन ।'

मोसेरीको त्यस्तो तर्कले इजलासमा उपस्थित भएका धेरै अभिभावकहरूलाई आक्रोशित बनाएको थियो ।

**बेवास्ता गरिएका उजुरी र फिल्टरको विवाद**

मुद्दाको केन्द्रमा रहेकी युवती (केजीएम) को कथाले अदालतलाई गम्भीर बनाएको छ । उनले इन्स्टाग्राममा बुलिङ अर्थात् दुर्व्यवहार सम्बन्धी ३०० भन्दा बढी उजुरी दर्ता गराएकी थिइन् । तर ती युवतीका त्यस्ता उजुरीबारे आफूलाई जानकारी नभएको मोसेरीले स्वीकार गरे ।

यसैगरी इन्स्टाग्राम एपमा रहेको तस्वीरमा अनुहारको बनावट परिवर्तन गर्ने फिल्टरहरूमाथि पनि प्रश्न उठेको छ। कम्पनीभित्रकै केही अधिकारीले यस्ता फिल्टरले किशोर किशोरीहरुको आत्म सम्मान कमजोर बनाउन सक्ने चेतावनी दिएका थिए । तर त्यसलाई कडाइका साथ रोक्न इन्स्टाग्रामले ढिलाइ गरेको आरोप लगाइएको छ।

**अदालतबाहिर अभिभावकको आक्रोश**

अदालतभित्र इन्स्टाग्राम विरुद्ध मुद्दाको सुनुवाइ चलिरहेका बेला अदालतबाहिर विरोध प्रदर्शन भइरहेको थियो। अभिभावक र सामाजिक अभियन्ताहरूले सामाजिक सञ्जालले बालबालिकामा पार्ने मानसिक असरबारे चिन्ता व्यक्त गर्दै त्यसमा सोसल मिडिया कम्पनीहरू जिम्मेवार बन्नुपर्ने माग गरे।

विरोध प्रदर्शनमा मारियानो जैनिन पनि सहभागी थिए जसले सन् २०२१ मा १४ वर्षीया छोरी मियालाई गुमाएका थिए । मुद्दाको सुनुवाइ हेर्नका लागि लन्डनबाट लस एन्जल्स पुगेका ट्रायल उनले प्रविधि कम्पनीहरूले नाफाभन्दा बालबालिकाको सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताए ।

**निर्धारण हुनेछ मेटा तथा युट्युबको भविष्य**

इन्स्टाग्रामको मातृकम्पनी मेटाका वकिलहरूले भने युवतीको जीवनमा अन्य व्यक्तिगत चुनौतीहरू पनि रहेको दाबी गर्दै सबै दोष इन्स्टाग्राम प्लेटफर्ममाथि मात्र थोपर्न नमिल्ने तर्क गरेका छन् । यस मुद्दामा युट्युबको नाम पनि जोडिएको छ । स्मरण रहोस् स्न्यापच्याट र टिकटकले भने यस्तै मुद्दामा अदालतबाहिरै सम्झौता गरिसकेका छन् । आगामी दिनमा मेटाका सीईओ मार्क जुकरबर्ग र युट्युबका प्रमुख निल मोहनले पनि अदालतमा बयान दिनुपर्ने हुनसक्छ ।

विश्लेषकहरूका अनुसार इन्स्टाग्राम विरुद्धको यो मुद्दा केवल एउटा कम्पनीविरुद्धको कानुनी लडाइँ मात्र होइन । यसले सामाजिक सञ्जालको डिजाइन, एल्गोरिदम र बालबालिका प्रतिको उत्तरदायित्वलाई पुन: परिभाषित गर्ने संकेत दिएको छ । अमेरिकामा सुरु भएको यो बहस अब विश्वव्यापी बहसतर्फ अघि बढिरहेको छ ।

# शक्तिशाली आइफोन १८ सिरिजको तयारीमा एप्पल

आइफोन निर्माता कम्पनी एप्पलले आगामी सेप्टेम्बर महिनामा आफ्नो बहुप्रतिक्षित आइफोन १८ सिरिज लञ्च गर्ने योजनामा जुटिसकेको छ । हरेकवर्ष सेप्टेम्बर महिनामै आफ्नो फ्लागशिप आइफोनहरू सार्वजनिक गर्दै आएको एप्पलले आइफोन १८ सिरिजमा केवल प्रो मोडेलहरु मात्रै बजारमा ल्याउने दाबी समाचारहरुमा गरिएको छ ।

कम्पनीका आन्तरिक स्रोतहरुलाई उद्धृत गर्दै सार्वजनिक भएका विवरणहरुका अनुसार एप्पलले १८ सिरिज अन्तर्गत केवल आइफोन १८ प्रो र आइफोन १८ प्रो म्याक्स मात्रै ल्याउन सक्ने सम्भावना छ । अनि ती मोडेलहरुमा उसले उल्लेख्य अपग्रेडसँगै अत्याधुनिक फिचर्सहरु समावेश गर्नेछ ।

म्याक र्‍युमर्सको दाबी अनुसार दुवै स्मार्टफोनमा ए२० प्रो प्रोसेसर हुनेछ । यी फोनहरूमा एप्पलको इन-हाउस चिपसेट सीटू मोडेम प्रयोग हुन सक्ने बताइएको छ । जुन २ न्यानोमिटर प्रोसेसमा तयार गरिनेछ । यो चिप नयाँ आर्किटेक्चर र प्याकेजिङ डिजाइनमा आधारित हुने बताइएको छ । जसका कारण फोनको परफर्मेन्स सँगै उर्जा दक्षतामा पनि सुधार हुने अपेक्षा गरिएको छ ।

साथै दुवै मोडलमा डाइनामिक आइल्याण्डको आकार घटाइने सम्भावना रहेको छ । साथै एप्पलका यी दुई आइफोनबाट केही फेस आइडी प्रविधिलाई पनि हटाउन सक्ने बताइएको छ ।

यसका अतिरिक्त आइफोन १८ सिरिजका फोनमा सेल्युलर र नेटवर्किङ फिचरमा पनि अपग्रेड गरिनेछ । आगामी स्मार्टफोन सिरिजमा एन२ चिप प्रयोग हुन सक्नेछ । दुवै फोनमा ४८ मेगापिक्सेलको मुख्य क्यामेरा हुनेछ । यसमा दिइने नयाँ प्राविधिक अपग्रेडले गर्दा प्रकाश नियन्त्रणलाई सहज गराउनेछ ।

समाचार अनुसार एप्पलले यसवर्ष आइफोन १८ सिरिजमा प्रो बाहेकका मोडेलहरु लन्च गर्नेछैन । साथै फिचर्समा महत्वपूर्ण अपग्रेड गरेतापनि १८ प्रो सिरिजको डिजाइनको हकमा भने अघिल्लो संस्करणभन्दा खासै फरक नहुने बताइएको छ ।

**स्वास्थ्य**

# हेपाटाइटिस, एच.आई.भी., टि.भी. र लागुऔषध: जब रोगभन्दा ठूलो लडाइँ समाजसँग हुन्छ



✍ मनिशमान श्रेष्ठ
लागुऔषध उपचार विशेषज्ञ तथा परामर्शदाता
सिआन पुनर्स्थापना केन्द्र, हेटौंडा

हेटौंडाका गल्लीदेखि पुनर्स्थापना केन्द्रको ढोकासम्म मैले धेरै आँखामा एउटै प्रश्न देखेको छु–"म फेरि बाँच्न सक्छु ?" हेपाटाइटिस, एच.आई.भी. र टि.भी. ले शरीर थकाउँछन्, तर समाजको नजरले आत्मा तोड्छ। कागजमा उपचार नि:शुल्क छ, तर यथार्थमा धेरै जीवन लाज, डर र कलंकको जेलमा थुनिएका छन् । मैले देखेको छु–रोगले होइन, उपेक्षाले मानिस ढल्छ । अस्पतालको ढोकाभन्दा समाजको दूरी ठूलो छ । यही दूरीले रोग फैलिन्छ, यही मौनताले मृत्यु बोल्छ। हामीले औषधी त बाँड्यौं, तर आशा बाँड्न कन्जुस्याइँ गर्‍यौं । र जबसम्म हामी पीडितलाई दोषी देख्छौं, तबसम्म रोग होइन, मानवता हारिरहन्छ ।

नेपालमा हेपाटाइटिस (बि/सि), एच.आई.भी. र क्षयरोग (टि.बि) अझै पनि मौन महामारीझैं फैलिरहेका छन् । सरकारी तथ्यांकले परीक्षण र उपचार उपलब्ध छ भन्छ, तर पहुँच सबैसम्म पुगेको छैन । शहरी केन्द्रमा सेवा सघन छ, ग्रामीण र सीमान्तकृत बस्तीमा दूरी, खर्च, जानकारीको कमी र सामाजिक डरले उपचार ढिलो हुन्छ । टि.भी. को ढिलो पहिचान, एच.आई.भी.को लुकाइ र हेपाटाइटिसको कम स्क्रिनिङ–यी सबै मिलेर संक्रमणको चक्र बलियो बनाइरहेका छन् । रोगको भारभन्दा ठूलो चुनौती बनेको छ कलंक, जसले मानिसलाई उपचारभन्दा टाढा धकेल्छ ।

लागुऔषध प्रयोगकर्ताहरू यो संकटको सबैभन्दा संवेदनशील घेरामा छन् । सुई साटासाट, असुरक्षित जीवनशैली, कमजोर मानसिक अवस्था र सामाजिक बहिष्कारले उनीहरूलाई एच.आई.भी., हेपाटाइटिस र टि.भी. को उच्च जोखिममा राख्छ । तर यथार्थ के हो भने, धेरैजसो युवा नशामा होइन, परिस्थितिमा पराजित भएर त्यहाँ पुगेका हुन् । बेरोजगारी, पारिवारिक विखण्डन, भावनात्मक चोट र अस्वीकारले उनीहरूलाई गलत बाटोतर्फ धकेलेको छ । समाजले "खराब बानी" देख्छ, हामीले "घाइते आत्मा" देख्नुपर्छ । दोष देखेर समाधान हुँदैन, पीडा बुझेर मात्र परिवर्तन सुरु हुन्छ ।

यहीं पुनर्स्थापना केन्द्रहरू आशाको दीप बनेर उभिएका छन् । सुधार केन्द्र भनेको केवल नशा छुटाउने ठाउँ होइन, यो जीवन फर्काउने घर हो । यहाँ शरीर मात्र होइन, सोच उपचार हुन्छ । यहाँ लत मात्र होइन, लक्ष्य निर्माण हुन्छ । सिआन पुनर्स्थापना केन्द्र, हेटौंडा जस्ता संस्थाहरूले बागमती प्रदेश र मकवानपुर मा सयौं युवाको जीवनमा उज्यालो फेरेका छन्। ज्क्ष, त्च र हेपाटाइटिस भएका व्यक्तिलाई अस्पतालसँग जोड्ने, औषधि नियमित गराउने, मानसिक परामर्श दिने र समाजमा पुन:स्थापित गराउने काम यिनै संस्थाहरूले गरिरहेका छन् । यहाँ मानिसलाई नम्बर होइन, नामले चिनिन्छ । यहाँ इतिहास होइन, भविष्य देखिन्छ ।

उपचार सम्भव छ, सुधार सम्भव छ, पुनर्जन्म सम्भव छ–यो नारामात्र होइन, व्यवहारमा देखिन थालेको यथार्थ हो । तर यसको लागि सरकार, स्थानीय तह, स्वास्थ्य संस्था र पुनर्स्थापना केन्द्रबीच साँचो सहकार्य चाहिन्छ । नीति भाषणमा होइन, जमिनमा झर्नुपर्छ । र समाजले तिरस्कार होइन, अवसर दिन सिक्नुपर्छ । किनकि लत औषधिले छुट्छ, तर जीवन विश्वासले बदलिन्छ । जब हामी एउटा युवालाई उठाउँछौं, हामी एउटा परिवार बचाउँछौं । जब हामी एउटा परिवार बचाउँछौं, हामी समाज जोगाउँछौं ।

यो स्वास्थ्यको मात्र मुद्दा होइन, मानवताको परीक्षा हो। लागुऔषध प्रयोगकर्ता, एच.आई.भी. संक्रमित, टि.भी. पीडित वा हेपाटाइटिस भएका व्यक्ति–सबैभन्दा पहिला उनीहरू मानिस हुन् । उनीहरूलाई सम्मान, उपचार र दोस्रो मौका दिन सक्यौं भने मात्र हामी साँच्चिकै स्वस्थ समाजतर्फ अघि बढ्छौं । अन्तिम आशा कहिल्यै मर्दैन, हामीले खोज्न छोड्छौं ।

# साहित्य

**सामाजिक कथा**

# मास्टरजीको कालो कोट

✍ राजेश अधिकारी

पाँचथरको यासोक गाउँमा जन्मिएका शार्दुलले दुखजिलो गरेर गाउँकै विद्यालयबाट एसएलसी पास गर्छन् । घरको आर्थिक अवस्था कमजोर भएकाले उनीको उच्च शिक्षा अध्ययन गर्ने चाहनामा बाध्यतावस बिराम लाग्छ । जीविकोपार्जनको लागि उनीका बाबु पन्डित गद्यनाथ पुरेत्याइँ गर्ने गर्छन् र आमा चाहिँ गाईको स्याहार-सुसार गर्दै कोठेबारीमा तरकारी फलाएर नजिकैको बजारमा लगेर तरकारी र घ्यु बेचबिखन गर्ने गर्छिन् ।

पन्डितजी जजमानहरुकहाँ पुरेत्याइँ गर्न जाँदा हरहमेसा कालो कोट लगाएर जाने गर्छन् जुन बलियो बिदेशी कोट एउटा ब्यापारी जजमानले उनीलाई दानमा दिएको थियो । घर फर्केपछि पन्डितले त्यो कोटलाई बडो जतनका साथ भित्ताको किलामा झुन्ड्याउने गर्छन् ।

शार्दुल पनि एसएलसी पास गरिसकेपछि किन बेइलम बस्नु भनेर आमालाई तरकारी खेती र गाईबस्तुको काम धन्दामा सहयोग गर्ने गर्छ । बुहारी भए आमालाई घरधन्दामा हम्बेर्नो हुन्थ्यो भन्ने लागेर पन्डितजीलाई आफ्नो छोरोको बिहे गरिदिने विचार आउँछ र उनीले शार्दुलको लागि पल्लो गाउँ ओलानेमा पन्डित शालिनीप्रसादकी छोरी शिखऋणीलाई माग्न जान्छन् । बिहेको लागि दुवैतर्फ राजी हुन्छन्, कुरो छिनिन्छ र तिथिमिति मिलाएर पञ्चैबाजा बजाउँदै पन्डितजीले घरमा बुहारी भित्र्याउँछन् ।

दुर्भाग्यवस, शार्दुलको बिहे गरेको छ महिनामै उनका बाबु जजमानकोमा रुद्रीपूजा गरेर घर फिर्दा बाटोमा पर्ने फेमे खोलाले बगाएर बित्छन् । त्यसको एक वर्षपछि उनकी दमरोगी आमाले पनि यो संसारबाट बिदा लिन्छिन् ।

आमाबाबुको देहावसानपछि टुहुरो भएको एकल सन्तान शार्दुल आफ्नी श्रीमतीलाई लिएर तराईतिर बसाइँ सर्ने विचार गर्छ । आफ्नो भएको दुई माउ लैना गाई सहितको जायजेथा छिमेकी सँधियारलाई सस्तैमा बेचेर शार्दुल बाबुको नाशोरुपी कालो कोट बडो प्रेमपूर्वक लगाएर पत्नी सहित झापाको होक्से गाउँमा बसाइँ सर्छ । ऊ आफ्नो पहाडको जायजेथा बेचेको पैसाले होक्सेको भोटेटारमा चार कठ्ठा जग्गामा बनेको एकतले घर किनेर नजिकैको प्राथमिक विद्यालयमा राहत कोटामा शिक्षकको रुपमा काम गर्न थाल्छ ।

बडो हँसिलो र मिजासिलो स्वभावको सिकुटे शार्दुल गाउँको बाटो हुँदै कालो कोट लगाएर स्कुलमा पढाउन जाँदा बडो भलाद्मी र आकर्षक देखिन्छ । स्कुलमा उसले विद्यार्थीहरुलाई कथा भन्दै रमाइलोसँग पढाउने हुँदा विद्यार्थीहरू ऊसँग धेरै झुम्मिन्छन् ।शार्दुलको बाह्रैं महिना कालो कोट लगाउने बानी भएकाले स्कुले बालबालिकाहरुले उसलाई 'कालोकोटे गुरुबा' को पनि उपमा दिएका छन् । गाउँलेहरुले शार्दुललाई मास्टरजी र शिखऋणीलाई मास्टर्नीको उपमाले सम्बोधन गर्ने गर्छन् ।

स्कुलबाट फर्किंदा प्राय: उ सिधै घर आउँछ र आफ्नो कोट फुकाली जतनको साथ चकको धुलो टक्टक्याएर भिताको किलामा सिउरिन्छ अनि शिखऋणीसँग बसेर चिया पिउँदै गफगाफ गर्ने गर्छ । त्यसपछि लोग्ने-स्वास्नी मिलेर घुरेनमा रोपिएका सागपात गोडमेल गर्ने, मसिना बिरुवाहरुमा पानी हाल्ने, गाईलाई कुँडो खुवाउने, दुध दुहुने काम गरेर बेलुकाको खानपान गरेर दुखसुखका कुराहरू भलाकुसारी गर्दै अबेर सुत्ने गर्छन् । बुधबार स्कुल आधा दिन मात्रै लाग्ने हुँदा दोपहरमा दुवै जना सौदापात गर्न बुधवारे बजार झर्ने गर्छन् । शार्दुलको कालो कोट उसको सान मात्र नभएर एउटा सानोतिनो सन्दुक पनि जसको भित्री खल्तीमा मासिक तलब, नागरिकता, जाग्गाको लालपुर्जा जस्ता महत्वपूर्ण कागजपत्रहरू हिफाजतसँग राखिएका हुन्छन् । यसरी शार्दुल र शिखऋणीको दिनचर्या बित्ने गर्छ ।

समयको बित्दै जाँदा मास्टर दम्पतीलाई जुम्ल्यहाँ सन्तानलाभ हुन्छ ।एउटै बेतमा पुत्रपुत्री प्राप्तिसँगै मास्टर- मास्टनीमा खुशीका लहरहरू दौडिन्छन् । न्वारनमा पुरोहितले शिशुहरुको नाम कवि र कविता जुराउँछन् ।समयको बहावसँगै कवि र कविता हलक्कै बढ्छन् र उनीहरू आफ्ना बाबुसँगै स्कुल जान थाल्छन् । सन्तान बृद्दीसँगै मास्टरजीलाई आफ्नो कमाईले छोराछोरीको स्कुलको फिस र विविध खर्चादीले गर्दा घरखर्च धान्न धौ धौ पर्छ । आफ्ना छोराछोरी सदा खुशी भैरहुन् भन्ने कामना सबै बाबुआमाको हुन्छ त्यसैले अभावहरुको भुँवरीमा रूमलिएका मास्टर दम्पतीले आफ्नो गाँस काटेर भए पनि छोराछोरीका चाहनाहरू पुरा गर्न पछि पर्दैनन् । मास्टर दम्पति होक्सेमा बसाइँ सरेको पनि पन्ध्र वर्ष बितिसकेछ । एकदिन दशैंको सौदापात गर्न उनीहरू आफ्ना छोराछोरीहरुलाई लिएर बुधवारे हाट जान्छन् ।

"नाइँ म त यो सुतीको सर्ट-पाइन्ट त मरिगए पनि लगाउँदिन । म त दशैंमा जिन्सको पाइन्ट र छालाको ज्याकेट लगाउँछु ।सँगैका साथीभाइहरुको अगाडि मलाई लाज हुँदैन?" "म चाहिं सधैं झुनाको कुर्था सुरुवाल लगाउनु ? दशैंमा त म मलमलको चुडिदार कुर्था सुरुवाल लगाएरै छोड्छु । मेरा साथीसंगीले दशैंको लागि कस्ता राम्रा लुगा किनिसके ।" बजार गएका छोराछोरीको गनगनले बाबुआमाको टाउको खान्छ ।

"नाथे एउटा प्राबि मास्टरको तलवले पुरै दशैंखर्च टार्नुपर्छ । मैले सौदापात, दशैंखर्च, खानाखर्च, तिमीहरुको फिस यही तलवले धान्नु पर्छ । नानी हो ! बाबुआमाको मर्म कहिले बुझ्छौ तिमीहरूले ?" छोराछोरीको जिद्दीले मास्टर-मास्टर्नी अँध्यारो मुख लगाउँदै मुखामुख गर्छन् । छोराछोरीको बालसुलभ जिद्दिबाट हार खाएर बुढाबुढीको पनि दशैंमा नयाँ लुगा लगाउने योजनालाई तिलाञ्जली दिँदै मास्टरले आफ्नो कालो कोटको खल्तीबाट आफ्नो तलवको मोटो अंश निकालेर छोराछोरीको इच्छा पुरा गरि दिन्छन् । छोराछोरीको मुहारमा मुस्कान देखेर मास्टर दम्पति प्रफुल्लित हुँदै हाट भरेर घरतिर फर्कन्छन् ।

अनुशासन र सुसंस्कारमा हुर्किएका कवि-कविता एसईईमा उच्च अंक ल्याएर उतिर्ण हुन्छन् । उनीहरुको सफलताले बाबुआमा अचाक्ली खुशी हुन्छन् । आफूले बाध्यताबस उच्च शिक्षा अध्ययन गर्न नपाए पनि आधा पेट खाएर छोराछोरीलाई क्याम्पस पढाउने अठोट मास्टरजीले लिन्छन् र उनीहरुलाई उच्च अध्ययनको लागि नजिकैको त्रिभूवन उच्च माबिमा भर्ना गरिदिन्छन् । मास्टरजीलाई छोराछोरीको पढाई र घरखर्चको लागि आफ्नो तलब अपुग हुन्थ्यो । खर्च समस्या समाधानको मन्थनमा बुढाबुढीले राती ओच्छ्यानमा पल्टेर अबेरसम्म गन्थन गरिरहे ।

"ए हजुर ! अब हामीले तीनवटा गाई र दुईचार वटा बाख्रा पालेर पुरै जमिनमा तरकारी खेती पनि गर्नुपर्छ है । त्यसो गरे खर्चको समस्या समाधान गर्न सकिन्छ" शिखऋणीले शार्दुलको कपाल सुम्सुम्याउँदै भनिन् ।

"अति उत्तम उपाय निकाल्यौ शिखू तिमीले," शिखऋणीको गालामा प्रेमपूर्वक प्याट्ट पार्दै शार्दुलले सहमति जनाउँछ । एउटा होक्सेको कृषि शहकारी संस्थाबाट ऋण लिएर उनीहरुले शनिश्चरे हाटबाट दुई माउ गाई र चार वटा बाख्राका पाठा किनेर ल्याउँछन् । आफ्नो जमिनभरी खनजोत गरी तरकारी खेती गर्छन् ।

जिम्मेवारी बढेसँगै आजकाल मास्टरजीको घरको दिनचर्या नै बदलिएको छ । आजकाल मास्टर-मास्टर्नी बिहान भालेको डाँकमै उठेर गाईको भकारा सोहोर्ने, गाईबाख्रालाई कुँडो खुवाउने, दुध दुहुने काम गरी घाम झुल्किए पछि चिया पिएर नजिकैको अँधेरी बनमा गई गाईबाख्रालाई दिनभरि पुग्ने घाँस लिएर आउँछन् ।कवि-कविता बिहानै उठेर क्याम्पस जान्छन् ।बनबाट फर्किएपछि मास्टरजी नुहाई-धुवाई गरेर नित्य पूजापाठमा लाग्छन् र मास्टर्नीले चुलोचौको सम्हाल्छिन् । त्यसपछि मास्टरजी खानपिन गरेर कालो कोट लगाएर जागिरमा निस्कन्छन् । दोपहरमा कवि-कविता क्याम्पसबाट घर फर्किई खानपिन गरेर आफ्नो गृहकार्य गर्छन् र दैनिक टिपिएका तरकारी र मोही पारेर निक्लिएको घ्यू बुधबारे बजारमा लगेर बेच्छन् ।मास्टरजी स्कुलबाट फर्किएपछि चियाखाजा खाएर सपरिवार खेतमा गई बिरुवाको गोडमेल, सिँचाई र फलेका र पाकेका तरकारी टिप्ने काम गर्छन् ।

एकदिन मास्टरजीले सदा झैं स्कुल जानु अघि भित्तामा झुन्ड्याइएको कालो कोट लगाउन खोजे तर त्यहाँ कोट फेला पारेनन् । उनी आत्तिँदै खोजिनीति गर्न थाले ।शिखऋणीले पनि घरभरी खोज्दा मास्टरजीको कोट कतै फेला पारिनन् । आफ्नो पीताको नासो र श्रीसम्पतीको सन्दुकरुपी कालो कोटको अचानक लुप्तताले रक्तचापका मधारी मास्टरजीको आधा पेट खाएर अति पारिश्रमले गलेको सिकुटे शरीर रिंगिदै सिकुवामा ढल्यो । शिखऋणीले आतिदै मास्टरजीको अनुहारमा पानी छर्किन् तर उनी बौरेनन् ।

मास्टर्नीको चिच्याहटले छिमेकीहरू भेला भए र मास्टरजीलाई तत्कालै अस्पताल लगियो । तर उनी दुर्भाग्यबस काल नियतिको शिकार भए र मास्टरजीको मृतदेहलाई सिधै बिरिङ्ग खोलाको घाटमा दाहसंस्कारको लागि लगियो । यो फदयबिदारक घटनाको खबर चौतर्फी आगोको झिल्को झैं फैलियो ।

आफ्नो धोएर नसुकेको कोट लगाउन नमिलेर हतारमा बाबुलाई नभनी बाबुको कालो कोट लगाएर क्याम्पस गएको कवि रुँदै कराउँदै कवितालाई लिएर सिधै घाटमा पुग्छ । आर्तनाद सहित चितामाथि राखिएको मास्टरजीको लासलाई अंगाल्दै कवि-कविता र शिखऋणी फुटी फुटी रुन्छन् । गाउँलेहरुले उनीहरुलाई शान्तवना दिदै चिताबाट बाहिर तान्छन् । लासलाई दागबत्ती दिन कविलाई भनिन्छ र कवि भक्कानिदै चिताछेउ गएर आफूले लगाएको कालो कोट फुकालेर बाबुको लाशलाई ओडाइदिन्छ र अग्निपुञ्ज हातमा लिन्छ ।

के सोचेर हो कविले एक पल्ट तिखो रोदनमिश्रित चित्कार गर्दै त्यो कोट लाशबाट झिकेर आफ्नो आङमा भिर्छ र दागबत्ती दिएर चिताको वरिपरि आगो झोस्छ । क्षणभरमै लाश खरानी बन्छ र वियोगका अश्रुधारा बहाउँदै मास्टरजीको बिक्षिप्त परिवार घरमुली बिहीन घरतिर लम्किन्छ । आजकाल बाबुको कालो कोटलाई कविले बडो प्रेमपूर्वक घरको पूजाकोठामा झुन्ड्याएर राखेको छ ।

यो तीन पुस्ते ईतिहास बोकेको श्रद्धेय चिनोलाई पुज्दै कविले बाबुको सपना साकार पार्ने र बाबुकै संस्कारी पथमा हिंड्ने अठोट लिएको छ । अचेल कविले यदाकदा यो कोट पहिरेर क्याम्पस जान थालेको छ ।

**कविता**

## आमा



✍ कृतिका उपाध्याय
कक्षा : ६, नवोदय शिशु सदन

माता भनूँ या जननी भनूँ या आमा
शब्द अनेक भए पनि रूप छ एक
माया र ममताको भरिपूर्ण खानी
गराउँछिन् यिनले नयाँ जीवनको थालनी ।

अनविज्ञ र अबोध त्यो शिशुलाई
स्याहार, सुसार, पालन पोषण गरी
हुर्काउँछिन्, पढाउँछिन पाइला पाइला सुरक्षित राखी
बनाउँछिन् सभ्य मानिस, राम्रो संस्कारमा पाली ।

मान्छन् सबैले आमा एउटा पृथ्वी हो
प्रत्येक बालकको बाँच्ने आधार हो
मन मुटुमा अनेक दु:ख, पीडा कुण्ठाइँ
गर्छिन् संसारसित संघर्ष, हरेक आँशु लुकाई ।

भन्छन्, त्यसैले आमा भगवानको रूप हो
मन्दिर, स्तुप र चर्चमा कहिल्यै नपाइने
एक देवीको अनेक अवतार हो
त्यसैले,
भगवान नै आमा हुन्, आमा नै भगवान हुन् ।

## गजल



✍ नवीन पौड्याल

यसपालिको भोट कसलाई हो सोद्दैछन् जनता
जसलाई दिए पनि उस्तै हो,ठान्दैछन् जनता ।

वर्षैपिछे भोट आउँछ नयाँ नयाँ नारा लिएर
जुनै जोगी आए पनि कानै चिरेको,मान्दैछन् जनता ।

सिद्धान्त सबैको उही हो, घोषणापत्र उस्तै उस्तै
जता जता भीड देखिन्छ, उतै उतैकुद्दैछन् जनता ।

प्रजातन्त्रको मूल मन्त्र चुनाव गर्नै पर्नेअरे
प्रजा नै शक्ति तन्त्र हो र ? विचार्दैछन् जनता

जतै भोट दिए पनि दुनो त आफ्नै सोझ्याउने हुन् ।
जनतैलडाउने खेल मात्रै, ठम्याउँदैछन् जनता ।

## गजल



✍ काशीनाथ मिश्रित

उच्चताको अपेक्षा हो तर तिमी साधा भयौ
बन्नुपर्ने दोसल्ला हो किन लुरे खादा भयौ ?

चाहन्थैं म मेरो लागि रुक्मिणी नै बनीदेऊ
कल्पनामा डुब्दै थिएँ तर तिमी राधा भयौ !

सिङ्गो जिन्दगीमा तिमी सिङ्गै हुनुपर्ने थियो
अचानक बिचमा आई आज किन आधा भयौ ?

फदयकी मालिक्नी हौ भन्ने ठानी दिल दिएँ
धोखा भयो यथार्थमा अर्कैको पो बाँधा भयौ !

मनमन्दिरमा सजाएर पुजारी भै पूजा गरें
पाप लाग्यो मुटुभित्र तीर हान्ने व्याधा भयौ !!

# जेनजीका माग सम्बोधन गरेकी गरेनन् घोषणापत्रले ?

काठमाडौं/नियमित
चुनाव नभई जेनजी विस्फोटपछिको जनमत खोजी तयारी भएकाले हुनुपर्छ, ठूला तीन दलमध्ये कांग्रेस, एमाले र रास्वपाले बिहीबार ल्याएको घोषणापत्रमा जेनजी आन्दोलनलाई बुझ्ने उनीहरुको दृष्टिकोण झल्केको छ । घोषणापत्र, प्रतिज्ञापत्र, बाचापत्र, प्रतिबद्धतापत्र जे नाम दिए पनि यी दलहरुले हामी सरकारमा गए के गर्नेछौं भन्ने परिकल्पना मात्रै गरेका छैनन्, बरु भदौमा के भएको थियो भन्ने आफ्नो दलीय व्याख्या पनि सँगै दिएका छन् ।

यही व्याख्यामा आधारित भएर उनीहरुले मतदाताबीच भोट मागिरहेको हुनाले हामीले उनीहरुको डकुमेन्टलाई जेनजी आन्दोलनको सेरोफेरोमा विश्लेषण गरेका छौं । भदौ २३ र २४ को जेनजी आन्दोलन र त्यसपछि उत्पन्न भएको राजनीतिक परिदृश्यबीच हुन लागेको चुनावका सन्दर्भमा दलहरूले घोषणापत्रमा गरेका बाचालाई पनि त्यो आन्दोलनको म्यान्डेट र देशले खोजिरहेको परिवर्तनका कसीमा लगेर हेर्नुपर्ने हुन्छ ।

पहिलो-भदौ २३ र २४ को आन्दोलनलाई राजनीतिक दलहरूले आ-आफ्ना घोषणापत्रमा कसरी विश्लेषण गरे त भन्नेबाट सुरु गरौं :


देशका मुख्य चार दलमध्ये एमालेबाहेकका दलले त्यो आन्दोलनलाई आन्दोलनका रुपमा स्वीकार गरेका छन् र युवाहरूले उठाएका मागलाई सम्बोधन गर्ने बाचा गरेका छन् । तर, त्यसबेला सरकारको नेतृत्व गरिहेको दल एमालेले भने भदौ २३-२४ गतेको आन्दोलनको म्यान्डेटलाई उपेक्षा गरेको छ ।

युवाले भ्रष्टाचारको विपक्ष र सुशासनको पक्षमा गरेको आन्दोलन, त्यसमाथि तत्कालीन सरकारले गरेको दमनका बारेमा घोषणापत्रमा केही उल्लेख छैन । बरु सिंहदरबारलगायत सरकारी र निजी संरचनामा अदृश्य शक्तिहरूले आगो लगाएर ध्वस्त पारेको आरोप घोषणापत्रमा लगाइएको छ ।

'आज आमजनता त्रसित र आक्रोशित छन् । त्रास र भयको वातावरण सिर्जना गरेर अदृश्य वा भूमिगत तत्वले अनधिकृत रूपमा शासन कब्जा गरेको छ, सत्ताको दुरूपयोग गरिरहेको छ, भय दोहनबाट देशलाई तत्कालिक रूपमा अशान्त र दीर्घकालमा चरम विग्रह र विघटनतर्फ धकेल्न खोजिरहेको छ,' एमालेले घोषणापत्रमा उल्लेख गरेको छ ।

एमाले अध्यक्ष केपी ओलीले आफ्नो मन्तव्यमा पनि २३ र २४ को आन्दोलनलाई षड्यन्त्रका रुपमा व्यख्या गरेका छन्, यसको भित्र अरु नै रहेको बताएका छन् । त्यो आन्दोलन र त्यसपछि विकसित परिस्थितिलाई एमालेले राष्ट्रवादसँग लगेर जोडेको छ । 'जाति, भाषा, धर्म, संस्कृति, भूगोल र पुस्ताका नाममा विभाजन गरी देशलाई भित्रैबाट कमजोर पार्ने कुटिल षड्यन्त्र भइरहेको छ,' एमालेले भनेको छ ।

यस हिसाबले जेनजी आन्दोलनको म्यान्डेटको विपक्षमा रहेको शक्तिका रुपमा एमालेले आफूलाई एक्लै अघि बढाएको देखिन्छ । अन्य दलहरूमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले भने आफूलाई नै आन्दोलनको पक्षका रुपमा प्रस्तुत गरेको छ । आन्दोलनका क्रममा भएको बल-प्रयोग लगायतका घटनाहरूको छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख हुने सुझाव र सिफारिसहरूलाई कार्यान्वयन गर्ने प्रतिवद्धता रास्वपाले व्यक्त गरेको छ ।




त्यसभन्दा फरक नेपाली कांग्रेसले भने अहिले राजनीतिमा एक पक्षले त्यो परिस्थिति र परिवतनलाई स्वीकार नगर्ने (डिनायल) गरिरहेको र अर्को पक्षले परिस्थितिको फाइदा उठाउने प्रवृत्ति देखाएको भन्ने उल्लेख गरेको छ । साथै, कांग्रेसले आफ्नो पार्टी यो दुवै प्रवृत्तिको विरुद्धमा रहेको उल्लेख गरेको छ । नेपाली कांग्रेसले आन्दोलनका बारेमा छानबिन गरिहेको आयोगको प्रतिवेदन स्वीकार गर्ने र कार्यान्वयन गर्ने मात्रै बताएको छैन, जेनजी युवाले गरेको मागलाई आत्मसात गर्दै त्यसअनुसार पार्टी बदलेको र देश पनि बदल्ने बाचा आफ्नो घोषणापत्रमा गरेको छ ।

'विद्रोहमार्फत नवयुवाले लोकतान्त्रिक व्यवस्थालाई अस्वीकार गरका होइनन् बरू यसमा व्यापक सुधार खोजेका हुन् । ...त्यसलै भदौ २३ अगाडि र भदौ २५ पछाडिको नेपालको सामाजिक-राजनीतिक परिदृश्य एउट होइन । एउटा जिम्मवार राष्ट्रिय शक्ति भएका नाताले कांग्रेसले परिस्थितिलाई गहन रूपमा बुझ्छ, सम्हाल्छ र समाधान खोज्छ,' कांग्रेसले 'सुशासन र समुन्नतिका लागि नेपाली कांग्रेसको प्रतिज्ञा' नाम दिइएको दस्तावेजमा उल्लेख गरेको छ । यसका साथै दलहरुले आफ्नो चुनावी मार्गचित्रमा आफ्ना कामहरुको समीक्षा गर्दै थप प्रतिबद्धता जनाएका छन् ।

आफ्नो सम्पूर्ण घोषणापत्रमा आफूलाई कन्जरभेटिभ कित्तामा उभ्याएको एमालेले २०४७ सालपछि देशमा केही हुँदै भएन भन्ने भाष्य गलत भएको भन्दै उत्साहप्रद प्रगति भएको उल्लेख गरेको छ । त्यसलाई प्रमाणित गर्न उसले २०४७ अघि र पछिका विभिन्न सूचकका आधारमा विभिन्न सूचकका आधारमा तुलना गरेको छ ।

अर्थात् एमालेको मुख्य ध्यान भदौ २३-२४ अघि पनि ठीकठाक भइरहेको थियो, देश अगाडि नै बढिरहेको थियो भन्ने प्रमाणित गर्नु देखिन्छ । गरिबीको रेखामुनिको जनसंख्या ४२ प्रतिशतबाट २० प्रतिशतमा झरेको, सडकको लम्बाइ ९ हजार किलोमिटरबाट १ लाख १० हजार किलोमिटर पुगेको, फोनको पहुँच ३ हजार नागरिकमा एकजनामा रहेकोमा अहिले एकजनासँग एकभन्दा बढी फोन गरेको, इन्टरनेटको पहुँच ८२ प्रतिशत नाघेको, विद्युत् पहुँच १४ प्रतिशतबाट ९७ प्रतिशत पुगेको लगायत तथ्यांकलाई एमालेले प्रस्तुत गरेको छ ।

अन्य पार्टीले भ्रष्टाचार र सुशासनको एजेन्डालाई प्रमुख रुपमा उठाएका छन् । तर, एमालेले यसलाई उठाउन त उठाएको छ, तर गौण रुपमा । आअफ्ना घोषणापत्रमा कांग्रेस र रास्वपा दुवैले २०४६-४७ सालको जनआन्दोलनपछि राजनीतिक पदमा बस्नेहरूको सम्पत्ति छानबिन गर्ने र दोषीलाई कारबाही गर्ने उल्लेख गरेका छन् ।

तर, एमालेले यस विषयमा केही उल्लेख गरेको छैन भने नेकपाले हालसम्मका सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन तथा भ्रष्टाचारका काण्डहरूको छानबिन गर्न एक वर्ष समयसीमा रहने गरी अधिकार सम्पन्न स्वतन्त्र आयोग गठन गरिने उल्लेख गरेको छ ।

त्यस्तै, संवैधानिक र राजनीतिक नियुक्ति दलीय भागबन्डाका आधारमा नगर्ने विषय कांग्रेस, रास्वपा तथा नेपाली कम्युनिष्ट पार्टीले उल्लेख गरेका छन् । यस विषयमा पनि एमाले घोषणापत्र मौन छ । अन्य पार्टीले भविष्यमा गर्ने काममा प्राथमिकता दिँदा एमालेले भने आफूले विगतमा गरेका कामका सूची नै बनाएको छ । आफ्नो सरकारको पालामा आर्थिक वृद्धिदर साढे ७ प्रतिशत पुऱ्याएको, १० लाख नेपालीलाई गरिबीबाट मुक्त गराएको भूकम्पछिको पुनर्निर्माण गरेको, प्रतिदिन ५ किलोमिटर सडक कालोपत्र गरेको गरेको लगायत काम आफूले गरेको दाबी एमालेले गरेको छ । एमालेले आगामी एक दशकभित्र नेपाललाई समुन्नत राष्ट्रमा रूपान्तरण गर्ने उच्च आर्थिक महत्वाकांक्षाहरू अघि सारेको छ ।

आर्थिक नीतिका सम्बन्धमा चार दलमध्ये दुई कम्युनिष्ट पार्टीहरू स्वाभाविक रुपमा समाजवादी देखिएका छन् । त्यसमा पनि तत्कालीन माओवादी र एकीकृत समाजवादी मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टीले शास्त्रिय कम्युनिष्ट विचारधारा बढी बोकेको छ । विगतमा प्रजातान्त्रिक समाजवादी पार्टीका रुपमा आफूलाई चिनाउने नेपाली कांग्रेसले आफूलाई यसपटक भने बढी उदारवादी शक्तिका रुपमा प्रस्तुत गरेको छ । नेपाली कांग्रेसले सम्भवत: पहिलोपटक हुनुपर्छ, २०४८ आफूले शुरु गरेको आर्थिक उदारीकरणको नीतिको स्वामित्व पूर्ण रुपमा आफनो काँधमा लिएको छ ।

'२०४६ सालपछि नेपाली कांग्रेसले सुरु गरेको पहिलो पुस्ताको आर्थिक सुधारले निरन्तरता पाएको भए आज नेपालीको प्रतिव्यक्ति आय २५०० डलर नाघिसक्ने थियो । सशस्त्र द्वन्द्व र अस्थिरताका कारण गुमेको त्यही 'आर्थिक लाभ' पुन: प्राप्त गर्न हामी प्रतिबद्ध छौं,' कांग्रेसको प्रतिज्ञापत्रमा उल्लेख छ । कांग्रेसले निर्वाचनपछि दास्रो चरणको आर्थिक सुधार शुरु गर्ने तथा नेपालको अर्थतन्त्रलाई 'प्रो-प्राइभेट', 'प्रो-ग्रोथ' र 'प्रो-सोसल जस्टिस' बनाउन 'उदार', 'उत्पादनमुखी' र 'न्यामूलक अर्थतन्त्र'मा जोड दिने उल्लेख गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले भने आफ्नो आर्थिक सिद्धान्तलाई 'सामाजिक बजार अर्थतन्त्र' बताएको छ । रास्वपाले राजनीति र नियमनबीचको अनुचित साँठगाँठ अन्त्य गरी नवप्रवर्तन, निष्पक्ष प्रतिस्पर्धा र सामाजिक उत्तर दायित्वलाई सन्तुलित रूपमा प्रवर्द्धन गर्ने 'सामाजिक बजार अर्थतन्त्र' को रूपरेखाभित्र नेपालको यथार्थअनुकूल आर्थिक मोडेल अवलम्बन गर्ने उल्लेख गरेको छ । रास्वपाले एकातिर लोकल्याणकारी राज्यको पनि कुरा गर्छ भने अर्कातिर बजार र निजी क्षेत्र विस्तारको पनि कुरा गर्छ । नेपालले सन् १९५० मा प्रजातन्त्र प्राप्त गरेदेखि लागू गर्दै आएको मिश्रित अर्थतन्त्रलाई नै रास्वपाले आर्थिक सिद्धान्तका रुपमा स्वीकार गरेको छनक पाइन्छ ।

अर्थतन्त्रको आकार र प्रतिव्यक्ति आम्दानीसम्बन्धी लक्ष्यमा सबै दलको लक्ष्य मिल्दोजुल्दो देखिन्छ । कांग्रेसले आगामी ५ वर्षभित्र नेपाली कांग्रेसले उदार नीतिको स्वामित्व ग्रहण गरेको छ । दोस्रो पुस्ताको आर्थिक सुधार गर्ने पनि उल्लेख गरेको छ । नेपालको अर्थतन्त्रलाई ११५ खर्ब रुपैयाँ र प्रतिव्यक्ति आय २५ सय अमेरिकी डलर पुऱ्याउने भनिएको छ ।

एमालेले भने आगामी ५ वर्षमा आर्थिक वृद्धिदर ७ देखि ९ प्रतिशत पुऱ्याउने, अर्थतन्त्रको आकार १०० खर्ब र १० वर्षमा २०० खर्ब पुऱ्याउने लक्ष्य राखेको छ । प्रतिव्यक्ति आय आगामी ५ वर्षमा ३ हजार अमेरिकी डलर पुऱ्याउने लक्ष्य उसको छ । रास्वपाले आगामी ५ देखि ७ वर्षमा अर्थतन्त्रको आकार १ सय अर्ब डलर बराबर पुऱ्याउने लक्ष्य लिएको छ भने प्रतिव्यक्ति आय ३ हजार डलर नाघ्ने लक्ष्य राखेको छ । नेकपाले यस विषयमा केही कुरा उल्लेख गरेको छैन ।

अर्थतन्त्रको आकार र प्रतिव्यक्ति आयका सन्दर्भमा तीनवटै पार्टीका लक्ष्यहरू महत्वाकांक्षी देखिन्छन् । अहिले औसत ४ प्रतिशतको आर्थिक वृद्धि लामो समयदेखि कायम छ भने पछिल्लो समयमा मूल्यवृद्धि पनि ५ प्रतिशत भन्दा कममा झरेको छ । यही अवस्थामा सुधार नभए अहिलेको ६१ खर्बको अर्थतन्त्र १०० खर्बकै पुग्न ७-८ वर्ष लाग्नेछ । आगामी ५ वर्ष निरन्तर ७ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि भयो र मूल्यवृद्धि पनि ६ प्रतिशत भयो भने मात्रै ५ देखि ६ वर्षमा कांग्रेसले भनेजस्तो ११५ खर्बको अर्थतन्त्र बन्न सम्भव हुनेछ । रास्वपाले भनेजस्तो १०० अर्ब डलर अर्थात १५० खर्ब नेपाली रुपैयाँको अर्थतन्त्र त त्यही दरको आर्थिक वृद्धि र मूल्यवृद्धि हुँदा पनि ७-८ वर्ष नभई हासिल हुने छैन ।

सूचना प्रविधिको क्षेत्रलाई सबै दलले प्राथमिकता दिएका छन् । नेपाली कांग्रेसले सरकारी सेवाहरूलाई कागजविहीन र झन्झटमुक्त बनाउन सरल डिजिटल प्रणाली लागू गर्ने र सबै सरकारी निकायका सूचना प्रणालीबीच प्रभावकारी अन्तर-आबद्धता सुनिश्चित गर्ने लक्ष्य राखेको छ । त्यसले सबै सरकारी सेवाहरू डिजिटल माध्यमबाट दिने लक्ष्य कांग्रेसले राखेको छ ।

रास्वपाले पनि सरकारी कामकाजमा डिजिटल प्रणाली लागू गर्ने उल्लेख गरेको छ । सरकारी टिप्पणी र परिपत्रका लागि छुट्टै डिजिटल प्रणाली विकास गर्ने उसको प्रतिबद्धता छ । सूचना प्रविधि क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गरिने, हालको १.५ अर्ब डलरको आईटी निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुऱ्याउन 'आइटी प्रवर्द्धन बोर्ड' गठन गरिने उल्लेख छ । नेपाललाई 'डिजिटल-फर्स्ट' राष्ट्रका रूपमा चिनाउँदै 'क्यासलेस' समाज निर्माण गरी भ्रष्टाचार र राजस्व चुहावट नियन्त्रण गर्ने नीति रास्वपाको छ । डिजिटल इकोसिस्टम निर्माण गर्ने विषयलाई एमाले र नेकपाले पनि प्राथमिक्ताका साथ उल्लेख गरेका छन् ।

बिरामी मानिसको उपचार गर्नुभन्दा पहिलो रोगको पहिचान (डाइग्नोस) गर्नुपर्छ, तब मात्रै सही उपचार हुन्छ । अर्थतन्त्रका समस्या समाधान गर्न पनि सबैभन्दा पहिला समस्या पहिचान गर्नुपर्ने हुन्छ । मुख्य चार पार्टीको घोषणापत्रमध्ये समस्याको पहिचान गर्दै समाधानको उपायसमेत विस्तृत रुपमा उल्लेख नेपाली कांग्रेसको घोषणापत्रमा गरिएको छ । 'सुशासन र समृद्धिका लागि प्रतिज्ञा' शीर्षकको सो २ सय पृष्ठको त्यो घोषणापत्रमा विविध विषयवस्तुको बृहद विश्लेषण गरिएको छ । गगन थापा स्वास्थ्यमन्त्री हुँदा शुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रमलाई घोषणापत्रमा विशेष जोड दिइएको छ ।

त्यसपछिको लामो एमालेको घोषणापत्र छ । ८० पृष्ठको सो पार्टीको घोषणापत्रमा विगतमा मुलुकमा धेरै नै प्रगति भएको भन्ने विषयलाई खास प्राथमिकता दिइएको छ । 'एमालेले बनाउँछ' भन्ने शीर्षकमा एमालेले २५ बुँदामा आफ्ना बाचाहरू सार्वजनिक गरेको छ ।

त्यसपछि नेपाली कम्युनिष्ट पार्टीको घोषणापत्र ६० पृष्ठको छ । सो घोषणापत्र परम्परागत कम्युनिष्ट पार्टीको लेखनशैलीमा निर्माण गरिएको छ, जसमा 'नेपाली कम्युनिष्ट पार्टी नै किन ?' लगायत शीर्षकमा शास्त्रीय कम्युनिष्ट विचार धारालाई प्राथमिकता दिइएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्र सबैभन्दा छोटो २३ पृष्ठको मात्रै छ, जसमा समस्याको पहिचान भन्दा पनि आगामी दिनमा के गर्ने भन्ने विषयवस्तुहरू बुँदागत रुपमा समेटिएको छ । 'रुपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारहरू' भन्दै रास्वपाले संसदमा प्रस्तुत गरिने बजेटको शैलीमा बुँदागत रुपमा प्रतिबद्धताहरू सार्वजनिक गरेको छ ।

*(स्रोत:अनलाइनखबर)*

# सबै नागरिकको साझा बनेर काम गर्छु: बुद्ध लामा

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/
मकवानपुर प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ का नेपाली कांग्रेसका उम्मेदवार एवं कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले आफू कुरामा भन्दा काममा विश्वास गर्ने र नागरिकको अधिकारको पक्षमा काम गर्ने बताएका छन् ।



उनले कांग्रेस रुपान्तरण सहित आएको भन्दै जनताको विश्वास लिएर आफूले काम गर्ने बताए । कांग्रेस हेटौंडा उपमहानगर पालिका-१९ मा निर्वाचन परिचालन समितिको कार्यालयको उद्घाटन गर्दै उनले काम गर्न नसक्ने आश्वासन बाँढ्ने पक्षमा नरहेको बताए । 'हामी देशलाई रुपान्तरण गर्ने नीति र कार्यक्रमसहित आएका छौं, समृद्ध नेपाल निर्माण हाम्रो संकल्प हो' कांग्रेस उम्मेदवार लामाले भने, 'हामी निर्वाचनमा हिड्दा कसैसँग जोरी खोज्ने होइन, द्वन्द्व पनि गर्ने होइन यो निर्वाचन भनेको नागरिकको अभिमत लिने, विश्वासमा लिने माध्यम हो ।'

उनले थपे, 'नागरिकको विश्वास जितेर नागरिककै हित र पक्षमा काम गर्ने हाम्रो अभियान हो, धेरै कुरा गर्ने र काम नगर्ने अवस्था छ, अब हामीले थोरै कुरा गर्ने र धेरै काम गर्ने बानीको विकास गर्नुपर्छ ।' जनअपेक्षा अनुसारको विकास र सेवा दिने बारेमा बहश गर्नु आवश्यक भएको लामाको भनाई छ । उनले आफू निर्वाचित बनेपछि सबै जनताको साझा बनेर काम गर्ने भन्दै जनताको काममा पक्षविपक्ष नगर्ने प्रतिबद्धता व्यक्त गरे । कांग्रेस हेटौंडा-१९ समितिका सभापति विष्णुलाल स्याङ्तानको अध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन परिचालन समितिका संयोजक मदन जिम्बाले कांग्रेसबाट मात्र नागरिकको अधिकार र विकास सम्भव रहेको बताए ।

# बागमती प्रादेशिक ललितकला प्रदर्शनी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा 'बागमती प्रादेशिक ललितकला प्रदर्शनी २०८२' काठमाडौंमा सुरु भएको छ । यो प्रदर्शनी अन्य प्रदेशहरुमा सम्पन्न भएपछि बागमती प्रदेशको लागि अन्तिमचरणमा आयोजना गरिएको हो ।



प्रदर्शनीमा बागमती प्रदेशका सयौं कलाकारका चित्रकला, मूर्तिकला, परम्परागतकला, समकालीन सिर्जना, हस्तकला तथा अन्य बहुआयामिक कलाकृति समावेश गरिएका छन् । यसमा २३० भन्दा बढी कलाकृति प्रदर्शनमा राखिएको बताइएको छ । प्रदर्शनीले प्रदेशका मौलिक, रैथाने तथा आधुनिक कलालाई एकै ठाउँमा प्रस्तु गर्दै नेपाली ललितकलाको विविधता र सौन्दर्यलाई उजागर गर्ने लक्ष्य राखेको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले यो प्रदर्शनीलाई प्रादेशिक स्तरको कलाकारको सिर्जनालाई राष्ट्रिय मञ्चसम्म पुऱ्याउने महत्वपूर्ण पुलको रुपमा लिएको छ ।

यसबाट छनोट हुने उत्कृष्ट कलाकृति पछि हुने राष्ट्रिय ललितकला प्रदर्शनी-२०८२ मा समावेश हुनेछन् । प्रदर्शनी अवधिभर दर्शकले विभिन्न विधाका कलाकृतिको प्रत्यक्ष अवलोकन गर्न पाउनेछन् । यो आयोजनाले स्थानीय तथा प्रादेशिक कलाकारलाई प्रोत्साहन दिनुका साथै कलाक्षेत्रमा नयाँ ऊर्जा भर्ने अपेक्षा गरिएको छ । प्रदर्शनी नक्सालस्थित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान परिसरमा जारी रहनेछ ।

# विजय बरालसँग 'जिरो डिग्री'मा देखिँदै सनिशा



काठमाडौं/आकाश बराल र साजन काफ्लेको संयुक्त निर्देशनमा बन्न लागेको फिल्म 'जिरो डिग्री'मा अभिनेत्री सनिशा भट्टराईले अभिनय गर्ने भएकी छन् । निर्माण पक्षले फिल्मको मुख्य महिला पात्रको भूमिकामा उनलाई अनुबन्धित गरेको हो । अभिनयको हिसाबले यो उनको तेस्रो फिल्म हुनेछ । यसअघि उनले दुई एक्सन फिल्म '१२ गाउँ' र 'नरसिंहा अवतार'मा अभिनय गरेकी थिइन् ।

सनिशाको प्रवेशसँगै फिल्ममा कलाकारको लाइनअप थप बलियो बनेको छ । यसअघि कीर्तिमानी अभिनेता विजय बराल फिल्ममा आबद्ध भइसकेका छन् । तर, निर्माण पक्षले विजयको जोडीका रूपमा सनिशा देखिने वा उनको भूमिका फरक रहने भन्नेबारे खुलाएको छैन । फिल्ममा अनुबन्धित भएसँगै सनिशाले वर्कसप समेत सुरू गरिसकेकी छन् ।

निर्देशक द्वय बराल र काफ्ले स्वयंको लेखन तथा निर्माणमा बन्ने यस फिल्मको कथा राजन भुसालले लेखेका हुन् । फिल्ममा राजनको पनि अभिनय रहनेछ । मेघौली फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मको कार्यकारी निर्मातामा मोती कार्की रहेका छन् । निशाल पौडेलको छायांकन रहने फिल्मको सम्पादन चानस मगरले गर्नेछन् ।

सडक सञ्जालले नछोएको एक दुर्गम गाउँमा आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान नआइपुग्दासम्म शव सुरक्षित राख्न सहरबाट 'डीप फ्रिज' बोकेर गाउँ भित्र्याएपछि उत्पन्न हुने परिस्थितिलाई फिल्ममा देखाइने निर्देशक काफ्लेले बताए । उनका अनुसार फिल्ममा एउटा फ्रिज गाउँसम्म पुऱ्याउने प्रसंग मात्र नभइ लाइट कमेडी कथा पनि रहेको छ ।

# आगामी वर्ष बजेट आकार घट्दै, सिलिङ तय

काठमाडौं/आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट आकार चालु आवको तुलनामा घट्ने भएको छ । राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आवको बजेटका लागि चालु आवको आकारभन्दा सामान्य कम हुने गरी बजेट सिलिङ अर्थ मन्त्रालयलाई दिएको छ ।

अर्थ मन्त्रालय स्रोतका अनुसार १८ खर्ब ९० अर्बदेखि १९ खर्ब ४० अर्बको बीचमा रहने गरी सीमा निर्धारण गरिएको हो । सरकारले चालु आव २०८२/८३ मा १९ खर्ब ६४ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । राष्ट्रिय योजना आयोग उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले बजेट आकार अनावश्यक बढाउने प्रवृत्तिमा रोक लगाउने प्रयास 'उपलब्ध हुने स्रोत र गर्न सकिने खर्चको सीमा' निर्धारणकै बखत थालिएको छ । सोही अनुसार सिलिङ तय भएको उनले बताए ।

आयोग उपाध्यक्षको नेतृत्वमा रहने राष्ट्रिय स्रोत अनुमान समितिले अर्थमन्त्रीलाई सोही सीमा दिनुपर्ने प्रावधान छ । अहिले सरकारले १९ खर्ब ६४ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । यो बजेट समेत अर्धवार्षिक समीक्षाले १६ खर्ब ८८ अर्ब रुपैयाँमात्र खर्च हुने संशोधित अनुमान गरिसकेको छ ।

'सुरुमै ठूलो बजेट ल्याउने र खर्च गर्न नसक्ने प्रवृत्ति दाहोरिँदा राज्य संयन्त्रमाथि प्रश्न उठिरहेका छन्,' उपाध्यक्ष डा. श्रेष्ठले भने, 'यसलाई सिलिङ तोक्ने समयमै नियन्त्रणको प्रयास गरिएको छ ।' यथार्थ खर्च अर्धवार्षिक समीक्षाको अनुमान भन्दा कम हुने प्रवृत्ति लामो समयदेखि दोहोरिरहेको छ । समितिले सिलिङ तोक्दा विगतमा जस्तै राष्ट्रिय गौरवका आयोजनालाई एयरमार्क गरेर बजेट सुनिश्चित गरिएको उपाध्यक्ष श्रेष्ठले जानकारी दिए । अपूरा आयोजनालाई समेत पर्याप्त बजेट छुट्याइएको छ । खासगरी राज्यको प्राथमिकतामा रहेका आयोजना र कार्यक्रमलाई गति दिनुपर्छ भन्ने उद्देश्यले मार्गदर्शन सहित सीमा तय गरिएको समेत उनले जानकारी दिए ।

नेपालमा विनियोजन विधेयक र बजेट तयारी प्रक्रियालाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व सम्बन्धी ऐनले नियमन गरेको छ । सोही ऐन अनुसार मध्यमकालीन खर्च संरचना र आगामी आवको बजेटको प्रयोजनका लागि मध्यमकालीन खर्च संरचना सहित उपलब्ध हुने स्रोत र गर्न सकिने खर्च सीमा फागुन पहिलो सातासम्म अर्थमन्त्रीलाई बुझाइसक्नु पर्छ ।

सोहीअनुसार समितिले यसै साता अर्थमन्त्री रामेश्वर खनाललाई बजेटको सिलिङ सहित प्रतिवेदन बुझाएको हो । अर्थ मन्त्रालय स्रोतका अनुसार यसपालि समितिको अनुमान अनुसार १३ खर्ब ३२ अर्ब हाराहारी राजस्व संकलन हुनेछ । समितिले आगामी आवमा पुग्ने कुल गार्हस्थ उत्पादन (जीडीपी) को १८.५ प्रतिशत राजस्व लक्ष्य तय गरेको छ । सोही अनुसार ७२ खर्ब बराबर जीडीपी पुग्ने अनुमान छ । जीडीपीको २७ प्रतिशत बजेटको आकार रहने गरी सिलिङ तय गरिएको छ ।

**नयाँ सरकारलाई पर्याप्त "स्पेस"**

चालु आवको बजेट नेकपा एमाले नेतृत्वको सरकारले सार्वजनिक गरेको हो । २३ र २४ भदौको जेनजी आन्दोलनले सरकार ढलेसँगै गठन भएको अन्तरिम सरकारले सोही बजेट कार्यान्वयन गऱ्यो । दलीय नेतृत्वमा रहेको सरकारले ल्याएको बजेट र अन्तरिम सरकारको प्राथमिकताबीच तालमेल मिलेन । सोहीकारण यस वर्ष बजेटका लक्ष्य अपेक्षित पूरा हुन सकेनन् ।

*(स्रोत:अनलाइनखबर)*

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुमै ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहानगरको वित्तीय प्रगति २७ दशमलब १४ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुर थाहा नगरपालिकाको अर्धवार्षिक वित्तीय प्रगती २७ दशमलब १४ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षका लागि विनियोजित ९७ करोड ७० लाख ५३ हजार २४१ मध्ये पालिकाले २६ करोड ५२ लाख २७ हजार ८०६ रुपैयाँ खर्च गर्दै यो वित्तीय प्रगति हासिल गरेको हो । चालुतर्फको ५६ करोड ९६ लाख ५१ हजार विनियोजित बजेटमध्ये २१ करोड ७५ लाख ७ हजार ४७६ अर्थात ३६.८९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

त्यसैगरी पुँजीगततर्फ विनियोजित ३८ करोड ७४ लाख २ हजार २४१ मध्ये ४ करोड ७७ लाख २० हजार ३३० अर्थात १२.३२ प्रतिशत बजेटखर्च भएको छ । नगरपालिकाले प्रत्येक तीन/तीन महिनामा प्रकाशन गर्ने स्वत: प्रकाशन प्रतिवेदनका यस्तो तथ्यांक देखिएको हो ।



चालु आर्थिक वर्षका लागि संघीय सरकारबाट प्राप्त हुनुपर्ने ४६ करोड ५४ लाख ३६ करोड १० लाख २ हजार ४५० अर्थात ७७.५६ प्रतिशत बजेट निकासा भइसकेको छ । संघीय सरकारबाट प्राप्त हुनुपर्ने समपूरक अनुदान पुँजीगततर्फको बजेट नगर पालिकालाई हालसम्म प्राप्त भएको छैन । संघबाट समपूरक अनुदान ४९ लाख प्राप्त हुनुपर्नेछ । विशेष अनुदान १ करोड प्राप्त भएको भएपनि यसतर्फ खर्च शुन्य देखिएको छ । सशर्त पुँजीगत १० लाख २३ हजार निकासा प्राप्त भएको छ । सशर्त चालुतर्फ २८ करोड ८० लाख २९ हजार ४५० अर्थात ९३ दशमलब ५३ प्रतिशत निकासा प्राप्त भएको छ ।

समानीकरण अनुदान ६ करोड १९ लाख ५० हजार अर्थात ५० प्रतिशत बजेट प्राप्त भएको छ । प्रदेश अन्तर्गत ७ करोड २८ लाख ७ हजार बजेट प्राप्त हुनुपर्नेमा १ करोड ८२ लाख १ हजार ७५० अर्थात २५ प्रतिशत मात्र बजेट निकासा भएको छ । पालिकाको चालु आर्थिक वर्षको वार्षिक बजेटमध्ये ४७ करोड ५५ लाख ८५ हजार ४२७ निकासा गरिसकेको छ । यो बजेट स्वीकृत बजेटको ४८ दशमलब ६७ प्रतिशत हो । पालिकाले निकासा भएको मध्ये हालसम्म २६ करोड ५२ लाख २७ हजार ८०६ रुपैयाँ बजेट खर्च गरेको छ ।

निकासाको तुलनामा पालिकाको बजेट खर्च अनुपात कमजोर देखिएको छ । विनियोजित खर्चमध्ये पुँजीगततर्फको विभिन्न १० शीर्षकको खर्च शुन्य रहेको छ भने चालुतर्फ १८ शीर्षकमा खर्च शुन्य रहेको छ ।

पालिकाको आन्तरिक आम्दानी भने ज्यादै कमजोर छ । २४ करोड ११ लाख ३५ हजार ३५८ लक्ष्य रहेकोमा २ करोड ९६ लाख ९८ हजार ७३३ अर्थात जम्मा १२ दशमलब ३२ प्रतिशत मात्र वित्तिय प्रगति हासिल भएको छ । आन्तरिक आयतर्फ सबैभन्दा बढी सम्पत्ती करमा ५६ प्रतिशत राजश्व संकलन भएको छ ।

अन्य दस्तुर ४२ दशमलब ७२ प्रतिशत, सिफारिस दस्तुरमा ३९ दशमलब ९७ प्रतिशत राजश्व संकलन भएको छ । भूमी मालपोत ० दशमलब ०३ प्रतिशत, बहालकर ३३ दशमलब ५३, बहाल विटौरी ५ दशमलब ८, नक्सापास दस्तुर २१ दशमलब १७ र व्यवसाय करमा लक्ष्यको १ दशमलब ११ प्रतिशत राजश्व संकलन भएको छ । त्यस्तै कृषिउपज निकासीकर, पर्यटनशुल्क, अन्यकर, प्रशासनिक दण्ड जरिवाना र प्रदुषण नियन्त्रणकर संकलन शुन्य रहेको छ ।

### बैंकखाता खोल्ने काममा ढिलाई नगर्न उम्मेदवारलाई आयोगको ताकेता

# सुदूरपश्चिम, कर्णाली, कोशी प्रदेशमा मतपत्र ढुवानी सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ निर्वाचन आयोगले बैंकखाता खोल्ने कामका ढिलाई नगर्न प्रतिनिधि सभाका उम्मेदवारलाई ताकेता गरेको छ ।

शुक्रवार आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगले निर्वाचनको प्रचारप्रसार सम्बन्धी सबै खर्च सोही खाताबाट हुनुपर्ने भएकाले बाँकी रहेका उम्मेदवारलाई तत्काल खाता खोल्न सचेत गराएको हो । सार्वजनिक विदाका कारण पनि खाता खोल्ने काममा उम्मेदवारलाई असहज हुनसक्ने देखिएको र अव यसलाई ढिलो नगर्न सचेत गराइएको आयोगकी सहायकप्रवक्ता सीता पुन:श्रीसले बताइन् । उनले उम्मेदवारलाई खाता खोल्ने काममा बैंकहरुलाई सहजीकरण गर्न पनि आयोग भनिसकेको बताइन् ।

सहायक प्रवक्ता श्रीसले भनिन्, 'निर्वाचन प्रचारप्रसार गर्ने समय नै फागुन ४ गतेबाट सुरु भएको र यो मितिबाट खाता सञ्चालन होस् भन्ने आयोगको अपेक्षा हो । आयोगले अहिले घोषणापत्र र निर्वाचन बैंकखातालाई अलि बढी फोकस गरेको र प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्छ भनेर दललाई निर्देशनात्मक आदेश जारी गरेको पनि अहिले हो । यसमा हामी केही लचक भएकै हो ।' बंक खाताका लागि सिफारिस दलले निर्वाचन आयोगबाट लिने र उम्मेदवारले जिल्ला निर्वाचन कार्यालय अथवा प्रदेश निर्वाचन कार्यालयबाट लिनुपर्ने छ ।

आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा निर्वाचनमा हुने खर्च पारदर्शी बनाउनका लागि उम्मेदवारले बैंकखाता खोली सोही खाताबाट खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र कोशी प्रदेशमा प्रतिनिधिसभा निर्वाचनको मतपत्र ढुवानीको काम सम्पन्न भएको आयोगले जनाएको छ । बाँकी रहेका ४ वटा प्रदेशमा दुई दिनभित्र सकिने गरी मतपत्र ढुवानीको काम भइरहेको सहायक प्रवक्ता श्रीसले बताइन् । आयोगले सबै जिल्लामा निर्वाचन सामग्रीसहित मतपत्र ढुवानीको कामलाई तीब्रता दिएको छ । तालिकाभित्र सबै काम सम्पन्न गर्नेगरी मतपत्र ढुवानीको काम भइरहेको आयोगले जनाएको छ ।

# शिक्षक भलिबलको उपाधि मत्स्यनारायण माविलाई



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ नेपाल राष्ट्रिय शिक्षक संगठनको आयोजनामा थाहा नगरस्तरीय दोस्रो रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिताको उपाधि मत्स्यनारायण माध्यमिक विद्यालयले जितेको छ ।

शुक्रबार भएको फाइनल खेलमा मत्स्यनारायणले स्वच्छन्दभैरव माध्यमिक विद्यालयलाई पराजित गर्दै उपाधि हात पारेको हो । जनकल्याण माविको प्राङ्गणमा फागुन ६ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विजेता मत्स्यनारायण माविले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता स्वच्छन्दभैरवले नगद १५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । सान्त्वना स्थान हासिल गर्ने नाट्यश्वर मावि र सुन्दरीदेवी माविले नगद ५-५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगितामा मत्स्य नारायणका साहिल तामाङ उत्कृष्ट खेलाडी घोषित भए भने समीर नापित उत्कृष्ट सेटर र स्वच्छन्दभैरवका पिताम्बर घिमिरे उत्कृष्ट स्पाइकर घोषित भए । थाहा नगरका १४ विद्यालयका शिक्षकको सहभागिता रहेको प्रतियोगिता थाहा नगर पालिकाको सहयोग तथा जनकल्याण माविको व्यवस्थापनमा सम्पन्न भएको हो । संगठनका नगरअध्यक्ष मनोज लामिछानेको सभापतित्वमा सम्पन्न पुरस्कार वितरण कार्यक्रममा नगर प्रमुख विष्णु बिष्टको प्रमुख आतिथ्यता रहेको थियो ।

पुरस्कार वितरणपछि नगरप्रमुख बिष्टले भने-'शिक्षकहरु केवल कक्षाकोठामा मात्र होइन, खेलकुदक्षेत्रमा पनि सक्रिय हुनु सकारात्मक पक्ष हो । यस्ता प्रतियोगिताले शिक्षकबीच आपसी सम्बन्ध सुदृढ गर्नुका साथै विद्यार्थीलाई समेत खेलकुदप्रति प्रेरित गर्छ । आगामी दिनमा नगरपालिकाले यस्ता कार्यक्रमलाई निरन्तर सहयोग गर्नेछ ।'

कार्यक्रममा नगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तान, शिक्षा शाखा अधिकृत सूर्य थिङ, शिक्षा समिति सदस्य हरिकृष्ण कार्की, संगठनका जिल्ला सदस्य रुपचन्द्र गोपाली, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने लगायतको उपस्थिति रहेको थियो ।

# रानी सामुदायिक वन ब्यवस्थापन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले शुक्रवारदेखि वन ब्यवस्थापन सुरु गरेको छ । समूहको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार वन ब्यवस्थापन गर्न सुरु गेको हो ।

समूहले ब्लक नं २ मा वन ब्यवस्थापन सुरु गरेको समूहका अध्यक्ष केशव धितालले बताए । वन ब्यवस्थापन गर्नाले वनको उत्पादकत्मा वृद्धिहुने, रुखको लागि उपयुक्त हुने, वनको सौन्दर्यता बढ्ने, उपभोक्ताको दाउराको माग पूरा गर्न सकिने वनविज्ञ बताउँछन् । यसवर्ष १५ हेक्टर क्षेत्रफलमा वन ब्यवस्थापन गरी ३ सय घरधुरीलाई दाउरा वितरण गरिने लक्ष्य रहेको समूहकी सचिव अमुना सापकोटाले बताइन् । १ सय ३७ हेक्टर क्षेत्रफलमा फैलिएको सामुदायिक वनमा ८ सय ५० घरधुरी आवद्ध रहेका छन् ।

# मुस्लिम धर्मावलम्बीको रमजान व्रत सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मुस्लिम धर्मालम्बीको महान चाड रमजान अर्थात १४४७ हिजरी रोजा बिहीबारदेखि सुरु भएको छ । एक महिनासम्म चल्ने यो पवित्र महिनामा मुस्लिम समुदायले व्रत (रोजा) बस्ने परम्परा छ ।

रोजाअवधि पूरा भएपछि मुस्लिमहरुको महान् पर्व ईद उल फित्र मनाइन्छ । रोजाका क्रममा मुस्लिम धर्मावलम्बीले बिहान ५ बजेर २० मिनेटअघि नै खानेकुरा (सेहरी) खाइसक्नु पर्ने हुन्छ । त्यसपछि दिनभरि केही नखाई र पानीसमेत नपिई व्रत बस्ने गरिन्छ । यदि भूलवश केही खाइएमा अल्लाहलाई सम्झी माफी मागेर रोजा निरन्तरता दिन सकिने धार्मिक मान्यता रहेको छ । यसअवधिमा दिनमा पाँचपटक नमाज पढ्ने (कलामपाक), सुन्ने र सुनाउने गरिन्छ ।

बेलुका घाम अस्ताएपछि गरिने नास्तालाई अफतारी भनिन्छ । हालको समयअनुसार साँझ करिब ६ बजेतिर अफतारी गरिने गरिएको छ । सकेसम्म रोजा बसेकाहरु मस्जिदमा भेलाभई सामूहिकरुपमा अफतारी गर्ने चलन रहेको छ । हेटौंडा-४, भैर वरोडस्थित जामे मस्जिदमा सामूहिक अफतारीको तयारी गरिएको छ । मस्जिदका अध्यक्ष हाजी तयसमिया अन्सारीका अनुसार गतवर्ष अफतारी कार्यक्रममा करिब ६ सय जना सहभागी भएका थिए भने यसवर्ष करिब ६ सय ५० जना सहभागी हुने अनुमान गरिएको छ ।

१० वर्ष माथिका व्यक्तिहरु सहभागी हुने व्यवस्था गरिएको जानकारी उनले दिए । फागुन ७ गतेबाट सुरु भएको रमजान चैत ७ गते समापन हुनेछ । एक महिनासम्म चल्ने यस पवित्र अवधिमा मुस्लिम समुदायले संयम, अनुशासन र धार्मिक आस्थाका साथ रोजा बस्ने गर्दछन् ।

# मनहरीमा बसन्त थिङ तोकिए निर्वाचन परिचालन संयोजक

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ नेकपा एमालेको युवा संगठन राष्ट्रिय युवा संघले मनहरी गाउँपालिकास्तरीय निर्वाचनल परिचालन कमिटी घोषणा गरेको छ ।



एमालेको मनहरीस्थित पार्टी कार्यालयमा भएको युवा भेलाबाट बसन्त थिङ संयोजक र सुरेन्द्र तामाङ सह संयोजक हुने गरी निर्वाचन परिचालन कमिटी घोषणा गरेको हो । कमिटीमा हरेक वडाकमिटीका अध्यक्षहरु, पूर्व पदाधिकारीहरु सदस्य हुने व्यवस्था मिलाइएको छ । थिङ नेतृत्वको कमिटीले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा युवा परिचालन, स्वयम्सेवक, सुरक्षा लगायतका विषयमा काम गर्ने राष्ट्रिय युवा संघ नेपाल मकवानपुरका उपसचिव विश्व रानाले बताए । समाजमा नेकपा एमाले पार्टी र उम्मेदवारका बारेमा भ्रम छर्ने कार्य भइरहेकाले त्यसलाई चिर्नका लागि युवा परिचालन हुने र सामाजिक सञ्जालमार्फत पनि भ्रम चिर्ने कार्यमा लाग्नका लागि युवालाई जागरुक बनाइएको रानाले जानकारी दिएका छन् ।

बैठकमा राष्ट्रिय युवा संघका बागमती प्रदेश कमिटी सदस्य सन्तोष बर्तौलाले निर्वाचनमा युवाको भूमिकालाई उच्च र प्रभावकारी बनाएर लैजानका लागि अनुरोध गरे । बैठकमा मकवानपुर जिल्ला कमिटी सदस्यहरु सन्तोष बर्तौला, रुपक घिमिरे, मेनुका उप्रेती र सन्तोष ढकाललगायतको उपस्थिति थियो भने प्रेस चौतारी केन्द्रीय सदस्य शिवकुमार रिजाल, नेकपा एमाले जिल्ला सचिवालय सदस्य हेमलाल उप्रेती, जिल्ला कमिटी सदस्य बीरेन्द्र डिसी, गाउँकमिटी अध्यक्ष नवीन सुवेदीलगायतले प्रशिक्षणात्मक मन्तव्य ब्यक्त गरे ।

### फागुन १४ मा कुलमानको हेटौंडामा आमसभा

# रवि र बालेन फागुन ११ गते हेटौंडा आउने

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र वरिष्ठनेता बालेन्द्र साह (बालेन) हेटौंडा आउने भएका छन् ।

यही फागुन ११ गते बागमती प्रदेशको राजधानी हेटौंडामा हुने कार्यक्रममा सहभागी हुन उनीहरु आउने तयारी भइरहेको पार्टीका जिल्ला सचिव सन्जीव पाठकले जानकारी दिए ।



जिल्ला सचिव पाठकका अनुसार, चितवनमा सम्पन्न प्रदेशस्तरीय कार्यक्रमपछि हेटौंडामा सभा तथा भेटघाट कार्यक्रमको आयोजना गर्न लागिएको हो । कार्यक्रममा पार्टीका अन्य वरिष्ठ नेता र कार्यकर्ताको पनि सहभागिता रहनेछ । बालेन र रविको उपस्थिति राजनीतिक दृष्टिले महत्वपूर्ण हुने उनले विश्वास लिएका छन् ।

त्यसैगरी, उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ फागुन १४ गते हेटौंडामा आयोजना हुने आमसभामा सहभागी हुँदैछन् । पार्टीको चुनावी अभियानअन्तर्गत आयोजना गर्न लागिएको कार्यक्रममा अध्यक्ष घिसिङले समसामयिक राजनीतिक अवस्था, विकास, सुशासन तथा जनजीविकासँग सम्बन्धित विषयमा धारणा राख्ने छन् । कार्यक्रममा पार्टीका प्रदेश तथा जिल्ला तहका नेताकार्यकर्ता तथा समर्थकको उपस्थिति रहने छ । आमसभा हेटौंडाको मुख्यस्थान हुप्राचौरमा आयोजना गरिने आयोजकले जनाएको छ । निर्वाचन नजिकिँदै जाँदा विभिन्न राजनीतिक दलले गतिविधि बढाइरहेका बेला घिसिङको हेटौंडा आगमनलाई महत्वका साथ हेरिएको छ ।


**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भाँन्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**


## सामाजिक सुरक्षा भत्ता लाभग्राहीको Biomatric Verification गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च. नं. ९२ को मिति २०८२।०९।१४ गतेको प्राप्त पत्रानुसार समाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको आ.ब. ०८२ २०८३ मा Biomatric Verification नभई सामान्य दर्ता प्रकारबाट नविकरण भएकोमा राष्ट्रिय परिचयपत्र नम्बर मार्फत Verify गर्न बाँकी लाभग्राहीहरूको Biomatric Verification वडा कार्यालयमा सम्पर्क राखी यहि २०८२ फाल्गुण १ गते देखि १५ गते भित्र गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजात**

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र

२) राष्ट्रिय परिचयपत्र नम्बर (NIN)

३) नेपाली नागरिकता प्रमाण पत्र

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा Biomatric Verify अनिवार्य नभएको ।

**हेटौंडा उपमहानगरपालिका**

**१ नं. वडा कार्यालय**

**चाईनाक्चाटर, हेटौंडा, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना